# माछापालनबाट वार्षिक ६ लाख

■ प्रताप विष्ट

हेटौंडा- हाँडीखोला ७ का सानुकान्छा तितुङले गत वर्ष माछावाट ६ लाख रुपैयाँ आम्दानी गरे । यो वर्ष ९ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्यका साथ उनले माछा पालिरहेका छन् । उनले माछापालनसम्बन्धी तालिम लिएर माछापालन व्यवसायलाई अगाडि बढाएका हुन ।

४८ वर्षीय सानुकान्छा तितुङले जिल्ला कृषि विकास कार्यालयबाट ०६९ मा माछापालनसम्बन्धी तालिम लिएका थिए । माछापालनका लागि उनलाई सुरुमा एमडीआई नेपालले आर्थिक सहयोग गरेको थियो । तालिम प्राप्त तितुङलाई सहयोग जुटेपछि एउटा पोखरीबाट सुरुवात गरेको माछा ४ वर्षमा १३ वटा पोखरीमा विस्तार भएको छ । १३ वटै पोखरीमा खाने माछा २० क्विन्टल र भुरा माछा ४ लाख रहेको उनले बताए । पहिलेदेखि नै माछापालन गर्ने सोच थियो,' तितुङले भने, 'प्राविधिक ज्ञान र सहयोग जुटेपछि माछापालन गर्न सक्रिय भए ।'

सुरुमा एमडीआई नेपालले तालिम दिनुका साथै एक कठ्ठा क्षेत्रफलमा पोखरी पनि निर्माण गरिदिएको थियो । पोखरी निर्माणले माछापालन गर्न उनलाई थप हौसला थपेको थियो । कृषि कार्यालयवाट माछापालन गर्न उनले अनुदानसमेत पाएको थिए । फिनल्यान्डवाट पनि माछाको भुरा उत्पादन गर्न सहयोग जुटेको थियो । माछापालनबाटै उनले ११ जनाको परिवार पालेका छन् । उनको काममा पत्नी, छोरी र बुहारीले साथ दिँदै आएका छन् ।

धान खेतीभन्दा माछापालनबाट राम्रो आम्दानी हुने भएकाले धान लगाउन छाडेर उनले माछापालन सुरु गरेका हुन् । थप परिश्रम गर्नु नपर्ने र अन्य व्यवसायको तुलनामा मूल्य तथा बजारको समस्या नपर्ने उनको अनुभव छ । हाँडीखोलामा उत्पादन भएका माछा हाँडीखोला र हेटौंडा बजारमा बिक्री हुने गरेको छ । खोलाको छेउमा माछापालन गरिरहेकाले तटबन्धनका साथै बिमा पनि आवश्यक रहेको बताए । प्राविधिक र दाना बनाउने मेसिन सहयोग पाएमा माछाको उत्पादनमा अझै वृद्धि गर्न सकिने उनको जिकिर छ । माछापालनबाट अन्य खेतीको तुलनामा दोब्बर आम्दानी हुन्छ । जमिनमुनिबाट पानी आउने पोखरीमा माछापालन गरिएको छ ।

आम्दानी बढी हुने बताए । माछापालनमा खर्च र मिहिनेत दुवै कम हुने गर्छ । गाउँका युवाहरू सामान्य कमाइका लागि बिदेसिएकोमा चिन्ता व्यक्त गरे । 'युवाहरू विदेश पलायन भएका छन्, गाउँमा कामदार कम छन्, खेत बारीमा काम गर्ने खासै जनशक्ति छैन,' उनले भने । माछापालन नगदेबाली हो । विदेशमा गर्ने मिहिनेत यहीं गर्ने हो भने त्योभन्दा बढी कमाइ हुन्छ उनको तर्क थियो ।

कृषि कार्यालयबाट उनले पोखरी खन्न ३ लाख रुपैयाँ सहयोग पाएका थिए । 'हाँडीखोला ७ का सानुकान्छा तितुङ उत्कृष्ट माछापालक कृषक हुन्,' कृषि विकास कार्यालय मकवानपुरका प्रमुख निर्मल गदालले भने, 'उनकै कारण हाँडीखोला ७ मसिने माछा गाउँको रूपमा परिणत हुँदै छ ।' उनले करिब ३ बिघा जमिनमा १३ वटा पोखरी बनाएर कमन, रौं, सिल्भरकार्प, ग्रास जातका माछापालन गरिहेका छन् ।